# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६ ] काठमाडौं श्रावण २२ गते २०१३ साल [ संख्या १५

### अर्थमन्त्रालयको विज्ञप्ति

अबउप्रान्त मो. रु. लगत दरबन्दी र कं. रु. लगत दरबन्दी भएका सबै जिल्लाका समेत समस्त कर्मचारीहरूलाई तलब भत्ता खर्च लेखी खुवाउने र अरु सरकारबाट खर्च गर्नुपर्ने सबै कलममा समेत निम्न दफा दफामा लेखिएबमोजिम खर्च गर्न र तलब भत्ता खर्च लेखी खुवाउने कार्य गर्नू गर्न लाउनुहोला ।

१. सरकारबाट सरहदभरमा आफ्ना मुद्राको चलन चल्ती गराउने उद्देश्यले नोक्सानीको परवाह नगरी एउटा ठूलो कदम उठाएको र जुन सिक्कामा लगत छ उसैइलाकामा त्यसै सिक्कामा आमदानी खर्च गर्ने प्रचलित रीतिस्थितिबमोजिम अब भरमुलुकमा मोरुमै लगत रहन आएकोले कर्मचारीहरूको तलब भत्ता इत्यादि र अरु खर्च हुने कलममा समेत मोरु नै दिने खर्च गर्ने तथा आमदानी हुनेमा पनि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मोरू नै लिने गर्नुपर्ने देखिन्छ । तर यो कदम हालै मात्र उठाइएकोले इलाका इला-काहरूमा राम्रोसग मोरुको चलन चल्ती व्यवहार भैनसकेकोले उपरोक्त लेखिएबमो-जिम गर्दा चलाउनुपर्ने काम चलाउन मुश्किल हुने सरकारी कर्मचारीहरूले आफ्नो दैनिक खर्च गर्न बाधा पर्ने तथा ठेका रकमका किस्ता र सलामीबाहेक अरू सर-कारमा दाखिल हुने दण्ड जरिवाना महसुल इत्यादिमा नोकसान पर्नेसमेत हुँदा अर्को आदेश नभएसम्मलाई देहायका दफा दफामा लेखिएबमोजिम गर्ने ।

[क] कर्मचारीको तलब भत्ताबाहेक अरू सरकारबाट खर्च गर्नुपर्ने सबै रकममा २०१२ सालसम्म भारतीय मुद्रामा जगत रहेका सबै अड्डाहरूले अर्को आदेश नभएसम्म भारतीय रुपैयाँ नै खर्च गर्ने । सो गर्न भारतीय रुपैयाँको मौज्दात नरहेमा सदरमा जाहेर गरी निकाशा गराई लिने गर्नु ।

[ख] २०१२ सालसम्म भारतीय रुपैयाँमा मालपोतको जगत रहेका इलाकाका कर्मचारीहरूमध्ये मोरूमा तलब ठेकिएकालाई दरबन्दीबमोजिमको तलब मोरूमै दिने; सोबाहेकको अरू भारतीय रुपैयाँमा तलब भत्ताको दरबन्दी ठेकिएका जवानलाई २०१३ साल आषाढ मसान्तसम्म दरबन्दीबमोजिम भारतीय रुपैयाँ दिने २०१३ साल श्रावण १ गतेदेखिलाई त्यस्तो तलब भत्ताको दरबन्दीबमोजिमको अङ्कबमोजिम मोरू नै तलब भत्ताको दरबन्दी कायम गरी मोरूमै दिने र अर्को आदेश नभएसम्म त्यस्ता जवानलाई द-रबन्दीबमोजिमको तलब भत्ताको सयकडा २८ अठाइसले हुने अङ्कबमोजिमको मोहरू स्थानीय भत्ता गरी थप दिने ।

ग] यसै दफाको [ख] दफाबमोजिम गर्दा जिल्ला इलाकाहरूमा मोरुको राम्रो चलन चल्तीमा आइनसकेबाट कर्मचारीहरूको दैनिक व्यवहार चलाउन मुश्किल पर्ने हुँदा तलब भत्ता स्थानीय भत्तासमेतको जम्माको ७५ पचहत्तर प्रति-शतको मोहरू १२८ एक सय अठाइसको भारतीय रु. १०० एकसयको दरले भारतीय रुपैयाको भारतीय रुपैयाँ तलब दिने अड्डाले सट्टी गरिदिने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
922

(घ) यसै दफाको (ग) दफाबमोजिम तलब भत्ता स्थानीय भत्ताको जम्माको ७५ पचहत्तर प्रतिशतको उक्त दफामा लेखिएबमोजिम भारतीय रुपैयाँ सटही गरी दिएमा पनि कसैलाई दैनिक खर्च गर्न नपुग भएमा कारण खुलाई इलाका गोश्वारामा निवेदन दिएमा गोश्वाराबाट पनि कारण मुनासिब देखी लेखी पठाएमा बाँकी २५ पच्चीस प्रतिशतको पनि सो (ग) दफाबमोजिमका दरले भारतीय रुपैयाँ तलब खर्च लेखि दिने अड्डाले बेहोरा जनाई खर्च लेखि दिने ।

(ङ २०१२ सालअगावै साबिक दरसाबिकदेखि मो रु. जमत भएको ठाउँमा २०११–१२–२९ को खण्ड ४ संख्या ३४ को गजेटले मो. रु जमत दरबन्दी भएको ठाउँमा कम्पनी भारतीय रुपैयाँ तलब पाउने गरि आएका सरकारी कर्मचारीहरूलाई निजहरूले पाउने मासिक तलबको सय-कडा ५० पचास सयकडा मो. रु. १५० को दरले मो. रु. दिने भै २०११ साल चैत्रदेखि सोबमोजिम भै आएकोमा २०१२ आषाढ मसान्त सम्मलाई सोहीबमोजिम गर्नै २०१२ साल श्रावणदेखिलाई त्यस्तो २०१२ सालअगावै साबिकदेखि मोरु जमत दरबन्दी भएको ठाउँमा भारतीय रुपैयाँमा तलब भत्ता पाउने गरी आएका सरकारी कर्मचारीहरूलाई निजहरूले मासिक पाउने तलब भत्ताको जम्मा अंकको सयकडा ५० पचास भारतीय रुपैयाँ नै र बाँकी सयकडा ५० को भारतीय रुपैयाँ १०० को मोहरु १२८ एक सय अठाइसको दरले हुने अंकबमोजिमको मोरु नै दिने।

(च) तराई जिल्ला जहाँ २०१२ सालअघि भारतीय रुपैयाँको जमत रहेकोछ, त्यस्ता इलाकाका पदाधिकारीहरूले निजहरूको तलब मोरु मै दरबन्दीमै ठेकिएको भए तापनि दरबन्दीबमोजिमको तलबको मोहरु १२८। एकसय अठा-इसको भा. रु. १०० एकसयको दरले सटही गरिदिने गरी तराईका मालहरू

९५३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मा आदेश जारी भैरहेकोले सो बडाहाकिमहरुको तलबका हकमा प्रचलित आदेश नै कायम राख्ने गर्ने ।

(ख) जुन इलाकामा जुन रुपैयाँ लगत छ, आमदानी खर्च पनि सोही रुपैयाँमा गर्ने प्रथा चली आएको र अमिनी जाफता ( अदालती बन्दोबस्त चौथा भाग ) ६६ नम्बरमा बिगो कस्दा दण्ड जरिवाना गर्दा जितौरी इत्यादि लिंदा कैद ठेक्का समेतमा लिनुपर्दा कम्पनी नै लिने गर्नू भन्ने लेखेको उक्त अमिनी जाफता सरहद्का तराई जिल्ला सबैमा र पहाडका भारतसंग सीमाना जोडिएको १२ ठाउँमा अमिनी रहेका गतिमा लागू हुने भैआएको लगत रहेको सिक्कामा असूल उपर गर्दा २०१३-१-४ मा प्रकाश भएको विज्ञप्तिसंग बाझिने मात्र होइन कि तराई इलाकामा पनि सबै आमदानी हुने ठेक्का रकमको किस्ता र सलामी राखली बाहेकको कलममा मोरु नै लिनुपर्ने मात्र होइन कि ऐन सवालमा लेखिएको अंकबमोजिम भारतीयको सट्टा मोरुमा लिनुपर्ने हुन आउने हुँदा हाललाई प्रचलित ऐन सवाल कायम राखी २०१३-१-४ को विज्ञप्तिबमोजिम भारतीय रुपैयाँको सयकडा १२८ ले मोहरु लिने नै कायम राख्ने ।

आज्ञाले—
नीरराज राजभण्डारी,
सेक्रेटरी— अर्थमन्त्रालय.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।